# पुरातत्त्व विभागको गतिविधि

## (आ.व. २०५४/०५५)

–शोभा श्रेष्ठ

नेपाल अधिराज्यका सांस्कृतिक सम्पदाहरूको अन्वेषण, विश्लेषण, प्रकाशन, संरक्षण र प्रदर्शन गर्नु पुरातत्त्व विभागको मूल उद्देश्य हो। हुन त यस्ता कार्यहरूको दायित्व अन्य विभिन्न निकायहरू, खास गरी, विश्व विद्यालयहरू, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, गुठी संस्थान, नगरपालिकाहरू, जि.वि.स. एवं गा.वि.स.हरूमा पनि निहित नभएको होइन। अझ परम्परागत प्रचलनमा त निजी गुठीहरू र सम्पन्न व्यक्ति(दाता)हरूको भूमिका पनि उल्लेखनीय रहँदै आएको हो। तर हाल उपर्युक्त निकायहरू एवं निजी गुठी र सम्पन्न दाताहरू समेत यस्ता कार्यमा उदासीन रहन थालेकाले सम्पूर्ण बोझ पुरातत्त्व विभागमै केन्द्रीत हुन थालेको परिस्थिति एकातिर छ भने अर्कोतिर सांस्कृतिक सम्पदाहरूको अन्वेषण, विश्लेषण र संरक्षण कार्यहरू उत्पादनमूलक र जनतालाई तुरून्त र प्रत्यक्ष प्रतिफल प्रदान गर्ने क्षेत्रभित्र पर्ने कार्य नभएकाले आधुनिक विकासको सिद्धान्त अनुरूप यस्ता कार्यहरू, सरकारको विकास योजनामा प्राथमिकता प्राप्त क्षेत्रमा पर्दैनन् । फलस्वरूप ज्यादै सीमित रकम मात्र यस्ता कार्यहरूमा लगानी गर्न सक्ने स्थितिमा सरकार रही आएको छ।

यस्तो परिस्थितिको बाबजूद पनि श्री ५ को सरकारले सांस्कृतिक सम्पदाहरूको अन्वेषण, प्रकाशन र संरक्षण कार्यमा यथाशक्य लगानी गरी सक्दो प्रयास गर्दै आएको छ। विगत ४ वर्षको विकास तर्फको वार्षिक राष्ट्रिय बजेट र त्यसमध्ये यस विभाग अन्तर्गत सञ्चालित सांस्कृतिक सम्पदा अन्वेषण र संरक्षण सम्बन्धी विकास कार्यक्रमहरूमा विनियोजित रकमलाई तुलनात्मक रूपमा अध्ययन गर्दा राष्ट्रले वार्षिक विकास बजेटको के कति प्रतिशत यस क्षेत्रमा लगानी गरेको छ भन्ने कुरा प्रष्ट देखिन्छ।

| आ.व. | विकास तर्फको राष्ट्रिय खर्च (रू. हजारमा) | यस विभागको विकास खर्च (रू. हजारमा) | राष्ट्रिय विकास खर्चमध्ये विभागको खर्चको प्रतिशत |
|---|---|---|---|
| २०५२/०५३ | २८८२६२८६ | ७५.०० | ०.०००२६% |
| २०५३/०५४ | ३२५००७८३ | १२३.७५ | ०.०००३७% |
| २०५४/०५५ | ३४०३८८४८ | १३०.०० | ०.०००३८% |
| २०५५/०५६ | ३७७४११५३ | १२५.०० | ०.०००३३% |

यसरी प्रत्येक वर्ष राष्ट्रले सांस्कृतिक सम्पदाहरूको अन्वेषण प्रकाशन र संरक्षण कार्यमा गरेको लगानी र त्यस लगानीबाट भए गरिएका कामहरूको विवरण भविष्यमा यस्ता सम्पदाहरूको अध्ययन, अन्वेषण र संरक्षण गर्ने कार्यमा सहायक बन्न सकोस् र राष्ट्रले अबलम्बन गरेको पारदर्शिताको नीति अनुरूप, सर्वसाधारण सबैमा जानकारी पनि होस् भन्ने उद्देश्यले, यस विभागबाट प्रत्येक वर्ष भएका गतिविधिहरू आफ्नो मुखपत्र "**प्राचीन नेपाल**"मा प्रकाशन गर्दै जाने नीति लिएकोले यस अङ्कमा गत आर्थिक वर्ष २०५४/०५५ को विकास कार्यहरूको गतिविधि संक्षिप्त विवरण यहाँ प्रस्तुत गरिन्छ।

## (क) पूर्वाञ्चल

| कामको विवरण | वार्षिक बजेट रू. हजारमा | लक्ष्य परिमाण | प्रगति परिमाण | कैफियत |
|---|---|---|---|---|
| १. धनकुटा डाँडा बजारस्थित, विष्णु मन्दिर जीर्णोद्धार | ३१४ | १००% | १००% | स्थानीय जनसहभागिता समेतबाट |
| २. बराह क्षेत्र स्थित विभिन्न स्मारकहरूको मर्मत सम्भार | ७५ | १००% | १००% | |
| ३. क्षेत्रीय संग्रहालय, धनकुटा | | | | |
| (क) शोकेस मर्मत | ५० | १००% | १००% | |
| (ख) सामग्री संकलन | ५० | १००% | १००% | |
| (ग) कम्पाउण्ड वालको बाँकी काम पूरा गर्ने (३८.४६%) | १२५ | १००% | १००% | |

## (ख) मध्यमाञ्चल

| कामको विवरण | वार्षिक बजेट रू. हजारमा | लक्ष्य परिमाण | प्रगति परिमाण | कैफियत |
|---|---|---|---|---|
| १. युनेस्कोको सहयोगमा तयार भएको काठमाडौं उपत्यकाका मूर्तिहरूको प्रतिवेदन पुनः प्रकाशित गर्ने | १५० | १००% | १००% | |
| २. दहचोकमा रहेको इन्द्रदह इन्द्रायणी र विष्णु मन्दिरको सम्भार कार्य गर्ने | १५ | १००% | १००% | |
| ३. नुवाकोटस्थित तलेजु मन्दिरको छाना जीर्णोद्धार कार्यको बाँकी (६१.७७%) काम सम्पन्न गर्ने | ९०० | १००% | १००% | |

| कामको विवरण | वार्षिक बजेट रू. हजारमा | लक्ष्य परिमाण | प्रगति परिमाण | कैफियत |
|---|---|---|---|---|
| ४. गोकर्णस्थित स्मारकहरूको जीर्णोद्धार | १७५ | १००% | १००% | |
| ५. रेसुङ्गाको मठ मन्दिर संरक्षण गर्ने | १०० | १००% | १००% | |
| ६. थिमी बाखाछेँस्थित महादेव मन्दिर जीर्णोद्धार गर्ने | ४०० | १००% | १००% | |
| ७. थिमीस्थित पाटी जीर्णोद्धार | २२० | १००% | १००% | स्थानीय जनसहभागिता समेतबाट |
| ८. चाँगुस्थित विभिन्न स्मारक तथा मूर्तिहरू संरक्षण तथा जीर्णोद्धार | १००० | १००% | १००% | |
| ९. आपतकालीन संरक्षण | १५३५ | १००% | १००% | |
| (क) पाल्पा भैरवस्थानको प्राङ्गणमा प्रवेश गर्ने पुरानो सिंढी मर्मत सुधार गर्ने काम सम्पन्न गरियो । | | | | |
| (ख) डडेंल्धुरा जिल्लास्थित अमरगढीको सर्भे र ड्रइङ्ग गर्ने काम सम्पन्न गरियो । | | | | |
| (ग) दोलखा भीमसेन मन्दिरको छाना परम्परागत शैलीमा लगाउने काममध्ये ५०% कार्य स्थानीय जनसहभागिता समेत जुटाई सम्पन्न गरिएको थियो । | | | | |
| (घ) खोक्सार (सप्तरी) स्थित पुरातात्त्विक स्थल संरक्षण । | | | | |
| १०. पुरातात्त्विक अन्वेषण तथा उत्खनन् गर्ने | | | | |
| (क) धादिङ सल्यानटारको उत्खनन् कार्य पूरा गर्न आवश्यक पूर्वाधार तयार गर्ने | ५० | १००% | १००% | |
| (ख) तौलिहवा, रूपन्देही र नवलपरासीको पुरातात्त्विक सर्भेक्षण कार्य पूरा गरी प्रतिवेदन प्रकाशित गर्ने (६०%) | १०० | १००% | १००% | |

| कामको विवरण | वार्षिक बजेट रू. हजारमा | लक्ष्य परिमाण | प्रगति परिमाण | कैफियत |
|---|---|---|---|---|
| ११. राष्ट्रिय संग्रहालय, छाउनी | | | | |
| (क) २०५३/०५४ को अधुरो कार्य पूरा गर्ने (२१.४०%) | २०० | १००% | १००% | |
| (ख) विद्युतीकरण गर्ने (चारकुनामा फ्लोड लाइट राख्ने) | २०० | १००% | १००% | |
| (ग) प्रतिमूर्ति निर्माण कार्य | ५० | १००% | १००% | |
| १२. फोटो डकुमेन्ट | | | | |
| (क) सांस्कृतिक सम्पदा प्रर्वद्धन गर्ने खालका पोष्टर उत्पादन गर्ने | १०० | १००% | १००% | |
| (ख) स्मारकहरूको संरक्षण कार्यको फोटो लगत राख्ने | १०० | १००% | १००% | |
| (ग) क्यूरियो जाँचपास शाखाको लागि तौल मेशीन खरिद गर्ने | ५० | १००% | १००% | |
| १३. स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय, नुवाकोट | | | | |
| (क) आपतकालीन संरक्षण (दरबारको प्रवेशद्वार र मार्ग मर्मत) | २५ | १००% | १००% | |
| १४. नुवाकोटको भजन घर जीर्णोद्धार | २०० | १००% | १००% | |
| १५. राष्ट्रिय अभिलेखालय | | | | |
| (क) हस्तलिखित ग्रन्थहरू सुरक्षित गर्न हल वायरिङ्ग र एक्जष्ट फ्यान जडान | ५२८ | १००% | १००% | |
| (ख) अभिलेखालय भवन रंगरोगन गर्ने | ९२१ | १००% | १००% | |

| कामको विवरण | वार्षिक बजेट रू. हजारमा | लक्ष्य परिमाण | प्रगति परिमाण | कैफियत |
|---|---|---|---|---|
| १६. केन्द्रीय सांस्कृतिक संरक्षण प्रयोगशाला | | | | |
| (क) कालमोचनघाटस्थित त्रिपुरेश्वर महादेव मन्दिर र आसपासका स्मारकमा उम्रेका रूख बिरूवाहरू रसायन प्रविधिद्वारा उन्मूलन गर्ने | ५० | १००% | १००% | |
| (ख) कार्मेक्स हर्विसाइड २४० के. जी. खरिद गर्ने | ४५० | १००% | १००% | |
| (ग) विभिन्न संग्रहालयमा भएका सामग्रीहरूको आापतकालीन रसायन संरक्षण गर्ने | १०० | १००% | १००% | |

## (ग) पश्चिमाञ्चल

| कामको विवरण | वार्षिक बजेट रू. हजारमा | लक्ष्य परिमाण | प्रगति परिमाण | कैफियत |
|---|---|---|---|---|
| १. क्षेत्रीय संग्रहालय, पोखरा | | | | |
| (क) नवनिर्मित भवन सम्पन्न गरी वायरिङ्ग समेत पूरा गर्ने (४०.३२%) | १४०० | १००% | १००% | |
| (ख) सामग्री संकलन | ५० | १००% | १००% | |
| २. कपिलवस्तु संग्रहालय | | | | |
| (क) छरिएर रहेका मूर्तिहरूका लागि टहरा बनाई सुरक्षित गर्ने (५८.३१%) | २०० | १००% | १००% | |

## (घ) मध्य पश्चिमाञ्चल

| कामको विवरण | वार्षिक बजेट रू. हजारमा | लक्ष्य परिमाण | प्रगति परिमाण | कैफियत |
|---|---|---|---|---|
| १. सुर्खेत बजारमा रहेका पुरातात्त्विक स्थलको तार बार लगाउने कार्य गर्ने | २५० | १००% | १००% | |
| २. दैलेख गढी मर्मत सम्भार | ७५ | १००% | १००% | |
| ३. क्षेत्रीय संग्रहालय, सुर्खेत | | | | |
| (क) सामग्री संकलन | १०० | १००% | १००% | |
| (ख) फर्निचर सामान, शोकेश, प्लेन बोर्ड ब्लक, Pedestal निर्माण | ३०० | १००% | १००% | |
| (ग) संग्रहाल भवनको छत ढलान रंगरोगन (झ्याल ढोकामा इनामेल पेन्ट गर्ने) | २०० | १००% | १००% | |

## (ङ) सुदूर पश्चिमाञ्चल

| कामको विवरण | वार्षिक बजेट रू. हजारमा | लक्ष्य परिमाण | प्रगति परिमाण | कैफियत |
|---|---|---|---|---|
| १. अछाम विनायक गा.वि.स. स्थित पञ्चदेवल संरक्षण कार्य गर्ने | १०० | १००% | १००% | |
| **साम्राज्यश्वर मन्दिर जीर्णोद्धार योजना** | | | | |
| वनारसस्थित साम्राज्येश्वर महोदय मन्दिरको पूर्वलङको सत्तल जीर्णोद्धार कार्य गर्ने (६०% कार्य पूरा गर्ने) | १८१६ | १००% | १००% | |
| **काभ्रे एकीकृत योजना** | | | | |
| **१. कृषि कार्यक्रम** | | | | |
| (क) नमूना कृषि फार्म निर्माण कार्य पूरा गर्ने | ४२०० | १००% | २५% | कृषि मन्त्रालय अन्तर्गत काम भएको |
| (ख) नमूना कृषि फार्मको कार्यक्रम सञ्चालन गर्ने | २३८० | १००% | २५% | |

| कामको विवरण | वार्षिक बजेट रू. हजारमा | लक्ष्य परिमाण | प्रगति परिमाण | कैफियत |
|---|---|---|---|---|
| **२. सामाजिक क्षेत्रको कार्य** | | | | |
| (क) पनौतीस्थित म्यूजियम भवन निर्माण कार्य पूरा गर्ने । | १५०० | १००% | १००% | |
| (ख) पनौती स्थित इन्द्रेश्वर प्रा. वि. भवन निर्माण कार्य पूरा गर्ने । | १०० | १००% | १००% | |
| (ग) पनौतीस्थित नरसिंह मठ जीर्णोद्धार कार्य | ३००० | १००% | २५% | |
| (घ) पनौती शहरको बाटोमा ईंटा छाप्ने कार्य पूरा गर्ने | १०० | १००% | १००% | |
| (ङ) नालास्थित करूणामय मन्दिर जीर्णोद्धार गर्ने | २०० | १००% | १०% | विनियोजित रकम पूरै निकासा नभएकोले लक्ष्य अनुसार पूरा काम हुन नसकेको |
| (च) बनेपा नालाबीचको सडक पुल निर्माण कार्य | १००० | १००% | १००% | |
| (छ) बनेपास्थित चण्डेश्वरी घाटको पाटी जीर्णोद्धार कार्य | १८०० | १००% | १००% | |
| (ज) बनेपास्थित चण्डेश्वरी मन्दिर अगाडि सत्तल जीर्णोद्धार | २०० | १००% | १०% | |
| (झ) बनेपास्थित नारायण मन्दिरको छाना जीर्णोद्धार कार्य | ३५० | १००% | १००% | |
| (ञ) लोकेश्वर मन्दिर बनेपामा जीर्णोद्धार कार्य सम्पन्न गर्ने | १८०० | १००% | ७०% | |
| (ट) बुडोलको सत्तल जीर्णोद्धार | २००० | १००% | १००% | |
| (ठ) वकुम डबली जीर्णोद्धार | ५०० | १००% | | |
| (ड) काभ्रे जिल्लाका विभिन्न गा.वि.स.मा पुरातात्त्विक जीर्णोद्धार कार्य गर्ने | २५०० | १००% | | |

| कामको विवरण | वार्षिक बजेट रू. हजारमा | लक्ष्य परिमाण | प्रगति परिमाण | कैफियत |
|---|---|---|---|---|
| (९) बनेपा भीमसेन पाटीसंगैको ढुङ्गेधारा जीर्णोद्धार | २०० | १००% | | |
| **स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय, भक्तपुर** | | | | |
| १. भण्डार पोखरी जीर्णोद्धार | ७०० | १००% | १००% | |
| २. सुन्दरी गोपाल मन्दिर जीर्णोद्धार | ४२० | १००% | १००% | |
| ३. अनुशरण कार्य विभिन्न स्मारकहरूको आकस्मिक जीर्णोद्धार | ४५० | १००% | १००% | |
| ४. स्मारकहरूको लगत संकलन | ३० | १००% | १००% | |
| **स्वयम्भू संरक्षण योजना** | | | | |
| १. मोटरपार्कदेखि शान्तिपुरसम्मको सिंढी मर्मत र पहिरो संरक्षण गर्ने | ११०० | १००% | १००% | |
| २. अमिताभ अगाडिको सेड मर्मत | ५० | १००% | १००% | |
| ३. शान्तिपुर पूर्वको नायो पाटी भत्काउने | ५० | १००% | १००% | |
| ४. बसुन्धरा, वायुपुर र नारायण शाक्ति मन्दिरको वातावरण सुधार | १०० | १००% | १००% | |
| ५. आपतकालीन मर्मत सम्भार (स्वयम्भूको घरको मोहडा जीर्णोद्धार गर्ने सम्बन्धमा नीति बनाउने) | ५० | १००% | १००% | |
| **काठमाडौं उपत्यका सांस्कृतिक सम्पदा संरक्षण गुरुयोजना** | | | | |
| १. रूद्रदेव महाविहार जीर्णोद्धार | १००० | १००% | १००% | |
| २. तलेजू आगमघर जीर्णोद्धार (पाटन मूलचोक) | ५५० | १००% | १००% | |

| कामको विवरण | वार्षिक बजेट रू. हजारमा | लक्ष्य परिमाण | प्रगति परिमाण | कैफियत |
|---|---|---|---|---|
| **गोरखा दरबार क्षेत्र संरक्षण परियोजना** | | | | |
| गोरखा द.हे.का. भवनमा शौचालय, विद्युत, ढलको कार्य सम्पन्न गर्ने | ३५० | १००% | १००% | |
| गुरूयोजना अनुसार थरघरका घरहरू निर्माण गर्ने र खुल्ला मञ्च बनाई स्थानीय नाचगान गराउने सम्बन्धमा अध्ययन गरी आ.व. २०५५/०५६ को कार्यक्रममा समावेश गर्ने योजनामा बनाउने | ५० | १००% | १५% | इतिहासविदबाट सो सम्बन्धी प्रतिवेदन प्रस्तुत गर्न नसकिएकोले कार्य सम्पन्न गर्न नसकिएको । |
| पृथ्वी संग्रहालयको लागि सामग्री संकलन गर्ने | १७०० | १००% | १००% | |
| तल्लो दरबारको हाता पर्खाल लगाउने | १५०० | १००% | १००% | |
| तल्लो दरबारको छानामा फ्लेक छाप्ने | ४१२ | १००% | १००% | |
| ६. खोप्लाङ कालु पाण्डेको घडेरीमा निर्माण गरिएको पार्कमा पानीको व्यवस्था गर्ने | १०० | १००% | १००% | |
| ७. गोरखा विन्ध्यवासिनी मन्दिर जीर्णोद्धार गर्ने | १७४ | १००% | १००% | |

वार्षिक कार्यक्रममा समावेश नभएका सालबसाली रूपमा र आकस्मिक रूपमा सञ्चालन भएका केही गतिविधिहरू यस प्रकार छन्–

प्राचीनकालदेखि प्रचलनमा रहेका कतिपय नृत्य एवं जात्राहरूमध्ये लोप भएर जाने स्थितिमा पुगेका केही नृत्य र जात्राहरूलाई जोगाई राख्ने उद्देश्यले दिने गरिएको वार्षिक अनुदान अन्तर्गत आ.व. २०५४/०५५ मा निम्न नृत्यहरू र जात्रा पर्वहरूलाई निम्नानुसार आर्थिक सहयोग उपलब्ध गराइयो ।

**(क) नाचहरू–**

१. भक्तपुरको महाकाली नाचहरू-

(क) लोहला समूहको लागि रू. ६,०००।-

(ख) फैजु समूहको लागि रू. ६,०००।-

(ग) मुस्याजु समूहको लागि रू. ६,०००।-

(घ) खर्वुजा समूहको लागि रू. ६,०००।-

(ङ) डण्डेख्या समूहको लागि रू. ६,०००।-

(च) दैवज्ञ समूहको लागि रू. ८,०००।-

२. भक्तपुरको रामचन्द्र नाच रू. ६,०००।-

३. लाखे नाच, मजिपाट रू. ५,०००।-

४. सावाभक्कु नाच, हलचोक रू. ५,०००।-

५. गाउने ठाडी नाच, यटखा रू. १,५००।-

६. दैत्य नाच, जोरगणेश रू. ६,०००।-

७. हात्ती नाच, किलागल रू. २,५००।-

८. दश अवतार नाच, त्रिपुरेश्वर रू. १९,९००।-

९. माघ जात्रा, वटु टोल रू. ४,०००।-

१०. कार्तिक नाच, ललितपुर रू. ३१,०००।-

११. कार्तिक नाच, फर्पिङ्ग रू. १०,५००।-

**(ख) जात्रा पर्वहरू**

१. सिं जात्रा (मतया) ललितपुर रू. १५,०००।-

२. भीमसेन जात्रा, ललितपुर रू. ३,०००।-

३. श्रीकृष्ण पूजा, ललितपुर रू. ३,०००।-

४. निरञ्जना भगवती जात्रा, नुवाकोटरू. ६,०००।- (पटके अनुदान)

उक्त आ.व. २०५४/०५५ मा यस विभागले विभिन्न किसिमका ६,०६,३७३ थान क्यूरियो सामानहरू जाँच गरी जाँचपास प्रमाण-पत्र वितरण गरेको थियो ।

**उत्खनन् र अन्वेषण कार्य**

(क) जर्मन सहयोगमा मुस्ताङ्ग जिल्लाको तल्लो क्षेत्रमा पर्ने गुफाहरू र पुरातात्त्विक भग्नावशेष भएका ठाउँहरू खिङ्गा र गारावजोङ्गमा भएका उत्खननहरूको अध्ययन कार्य जारी रह्यो ।

(ख) ईटालीको ISID को सहयोगमा कपिलवस्तु जिल्लाको पुरातात्त्विक सर्वेक्षण र गोटीहवामा उत्खनन् कार्य जारी रह्यो ।